क. प्र./२०८१/०८२

१४८५

आन्तरिक पत्राचार

मिति:२०८२/०१/२३

विषय: जानकारी तथा कार्यान्वयन सम्बन्धमा।

श्रीमान् सचिवज्यू (महाशाखा/सबै),
श्री शाखा प्रमुखज्यूहरु (सबै),
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
बागमती प्रदेश, हेटौंडा।

मिति २०८२ साल बैशाख २१ गते आईतबार श्रीमान् प्रमुख सचिवज्यूको अध्यक्षतामा बसेको कर्मचारी बैठकं (Staff Meeting) को निर्णय जानकारी तथा कार्यान्वयनका लागि यसैसाथ संलग्न गरी पठाइएको बेहोरा सादर अनुरोध छ।

कर्मचारी बैठकका निर्णयहरु:

१. निजामती सेवा ऐन र नियमावली तथा प्रदेश निजामती सेवा ऐन, २०७९ मा भएको व्यवस्थाबमोजिम कर्मचारीले पालना गर्नुपर्ने आचरणहरुको पालना गर्ने/गराउने।
२. कार्यालयमा उपस्थित हुदाँ अनिवार्यरुपमा नेपाल सरकारले तोकेको ड्रेस कोड लगाउनुपर्ने र सोको प्रत्यक्ष निगरानी बैठक तथा प्रशासन शाखाले राख्ने।
३. बारम्बार ढिला गरी कार्यालयमा उपस्थित हुने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारवाहीको प्रक्रिया अगाडि बढाउने।
४. प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित (डिजिटल) बनाउदैं सुशासनको प्रवर्द्धन गर्ने। यस कार्यालयमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लाई क्रमश: कार्यान्वयन गर्ने।
५. कार्यालयको सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणाली र व्यवस्थापन परीक्षणसम्बन्धी कार्य गर्ने/गराउने।

Rabigamb
०८२/०१/२३

(रविनजंग कार्की)
अधिकृत सातौं

सादर अवगतार्थ:

१. श्रीमान् प्रमुख सचिवज्यूको सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा।

बोधार्थ:

१. श्री सूचना तथा सञ्चार समन्वय शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा।